बैठक संख्या ३

आज मिति २०८३/०५/२५ गते बिहिवारका दिन यस आ.व. २०८३/०८४ अन्तर्गत रामपुर नगर कार्यपालिकाको तेस्रो कार्यपालिका बैठक नगर प्रमुख श्री रमण बहादुर थापाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा तपसिल अनुसारको निर्णय गरियो।

तपसिल

क्र.सं.	नाम थर	पद	हस्ताक्षर
१.	श्री रमण वहादुर थापा	नगर प्रमुख	
२.	श्री बाल कुमारी थापा	नगर उप-प्रमुख	
३.	श्री कपिल बहादुर खाँण	नगर प्रवक्ता/वडाध्यक्ष	
४.	श्री कृष्ण बहादुर दर्जी	वडाध्यक्ष	
५.	श्री दामोदर पाठक	वडाध्यक्ष	
६.	श्री राम बहादुर राना	वडाध्यक्ष	
७.	श्री दुर्गा प्रसाद पोखेल	वडाध्यक्ष	
८.	श्री दिवाकर देवकोटा	वडाध्यक्ष	
९.	श्री दोवराज तिवारी	वडाध्यक्ष	
१०.	श्री दिनेश आचार्य	वडाध्यक्ष	
११.	श्री डिल वहादुर राना	वडाध्यक्ष	
१२.	श्री तोयानाथ सारु थापा	वडाध्यक्ष	
१३.	श्री देवका पोखेल	कार्यपालिका सदस्य	
१४.	श्री सीमा देवि थापा	कार्यपालिका सदस्य	
१५.	श्री माया देवी नेपाली	कार्यपालिका सदस्य	
१६.	श्री शारदा आचार्य	कार्यपालिका सदस्य	
१७.	श्री दुर्गा देवी भण्डारी	कार्यपालिका सदस्य	
१८.	श्री गोपाल कुमाल	कार्यपालिका सदस्य	
१९.	श्री यम बहादुर भुजेल घर्ती	कार्यपालिका सदस्य	
२०.	श्री भविश्वर कुमाल	कार्यपालिका सदस्य	
२१.	श्री सुर्य दर्शन पण्डित	सदस्य सचिव	

प्रस्तावहरुः-

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा ।
२. सामुदायिक सौर्य सिंचाइ प्रणाली जडानको लागि योजना छनौट सम्बन्धमा ।
३. LGPAS को प्रारम्भिक नतिजा सम्बन्धमा ।
४. विविध ।

निर्णयहरुः-

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो कार्यपालिकाको बैठकको निर्णय उपर छलफल गर्दा सबै निर्णयहरु कार्यान्वयनमा भएको निर्णय गरियो ।
२. प्रस्ताव नं. २ माथि छलफल गर्दा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको मिति २०८३/०५/२४ गतेको सूचना अनुसार Promotion of Solar Energy in Rural and Semi-urban Regions-I अन्तर्गत सौर्य ऊर्जामा आधारित सामुदायिक सिँचाइका लागि सौर्य पम्पिङ प्रणाली जडान कार्यक्रमको लागि रामपुर नगरपालिकाको तर्फबाट तपसिल अनुसारको योजना छनौट गरी पेश गर्ने निर्णय गरियो साथै उक्त योजनाहरु छनौट भई कार्यान्वयनका लागि स्वीकृत भएमा, उक्त परियोजनाको स्वीकृत लागत अनुमानको १० प्रतिशत रकम रामपुर नगरपालिकाको तर्फबाट व्यहोर्ने/सहभागिता जनाउने निर्णय गरियो ।

   तपसिलः-

   १. तालपोखरा कृषक समूह, रामपुर-६, पाल्पा
   २. सेनेटारी कृषक समूह, रामपु-६, पाल्पा

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा रामपुर नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) अन्तर्गत शाखागत रूपमा प्रविष्ट गरिएका विवरण तथा उपलब्ध गराइएका प्रमाण कागजातका आधारमा तयार भएको प्रारम्भिक स्वमूल्याङ्कन प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गठित स्वमूल्याङ्कन समन्वय समितिबाट छलफल तथा आवश्यक सहजीकरण गरी यस कार्यपालिकाको बैठकमा पेश भएकोमा उक्त प्रतिवेदनमाथि विस्तृत रूपमा छलफल गरियो। छलफलका क्रममा LGPAS का विभिन्न सूचक तथा उपसूचकमा प्रविष्ट भएका विवरण, प्राप्ताङ्क, उपलब्ध प्रमाण कागजात तथा नगरपालिकाको समग्र कार्यसम्पादन अवस्थाका सम्बन्धमा समीक्षा गरियो। साथै, प्रारम्भिक प्रतिवेदनमा देखिएका कमी–कमजोरी, अपूर्ण विवरण तथा आवश्यक सुधार गर्नुपर्ने विषयहरूलाई सम्बन्धित शाखासँग समन्वय गरी तथ्य तथा प्रमाणका आधारमा परिमार्जन गर्नुपर्ने देखियो।